## बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची-१

## बुदा नं. १२.२ संग सम्बन्धित

बैठक संख्या: ११०

मिति: २०८१/०६/०९

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| १. | श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं. वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थिति:**

| | | |
|---|---|---|
| १. | भिमसेन बुढामगर | सूचना प्रविधि अधिकृत |
| २. | तुलबहादुर पुन | जनस्वास्थ्य निरीक्षक |

३. देवदत्त रिजाल — प्रशासन पाचौं

४. चन्द्र प्रकाश ओली — सव इन्जिनियर

५. यज्ञ प्रसाद कँडेल — लेखा शाखा प्रमुख

६. निर्धक रोकामगरं — कार्यालय सहयोगी

७. सरोज रोकामगर — कार्यालय सहयोगी

**प्रस्तावहरू:**

१. निर्माण सामग्रीको प्रयोग सम्बन्धमा,
२. कर्मचारीको जिम्मेवारी हेरफेर सम्बन्धमा,
३. नमूना विद्यालयको निर्माण कार्य सम्बन्धमा,
४. वार्षिक प्रगति समिक्षा प्रतिवेदन अनुमोदन सम्बन्धमा,
५. कार्यविधि सम्बन्धमा,
६. प्रशंसापत्र सम्बन्धमा,
७. विविध।

७.१. पेट्रोलियम पदार्थको मुल्य निर्धारण सम्बन्धमा।

७.२. रोजगार सेवा केन्द्रको समिति गठन सम्बन्धमा।

७.२. प्राविधिक तोकिएको सम्बन्धमा।

**निर्णयहरू:**

**निर्णय नं १.** प्रस्ताव नं १ माथि छलफल गर्दा विगतका वर्षहरुमा निर्माण कार्यहरुमा थबाङ खोलाको बालुवा प्रयोग गर्दा बालुवामा माटोको मात्रा बढी भई गुणस्तरीयता कमसल भएको देखिएकोले आर्थिक वर्ष २०८१।०८२ मा थबाङ गाउँपालिकाबाट ठेक्का प्रक्रिया मार्फत हुने २० लाख भन्दा बढी लागत अनुमान भएका भवन र खानेपानी सम्बन्धी निर्माण कार्यमा थबाङ खोलाको बालुवाको सट्टा रुकुम जिल्लास्थित भेरी नदीको बालुवा प्रयोग गर्ने निर्णय गरियो।

**निर्णय नं २** प्रस्ताव नं २ माथि छलफल गर्दा अर्को व्यवस्था नभएसम्मका लागि तपसिल बमोजिमका कर्मचारीहरुको जिम्मेवारी थप गर्ने र जिम्मेवारीको कार्यक्षेत्र हेरफेर गर्ने निर्णय गरियो।

तपसिल

श्री अमृता गैरे | १ र २ नं. पञ्जिकाधिकारी (जिम्मेवारी थप)
श्री हरिश माझी | ३ नं पञ्जिकाधिकारी (जिम्मेवारीको कार्यक्षेत्र हेरफेर)
श्री निमबहादुर सुवेदी | स्वास्थ्य चौकि उवा (जिम्मेवारी कार्यक्षेत्र हेरफेर)
श्री विमर्श घर्तीमगर | स्वास्थ्य चौकि मिरुल (जिम्मेवारी कार्यक्षेत्र हेरफेर)
श्री विमला पुनमगर | आधारभूत स्वास्थ्य सेवा केन्द्र छेर्लोबाङ
श्री रामकुमारी घर्तीमगर | स्वास्थ्य चौकी उवा

**निर्णय नं ३.** प्रस्ताव नं ३ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको नमूना विद्यालय श्री वीर बलभद्र नमूना मा वि को पूर्वाधार निर्माणका लागि गापाबाट खुला बोलपत्र मार्फत ठेक्का आह्वान गरी प्रचलित कानून बमोजिम गर्ने र ठेक्का आह्वान भईसकेपछि निर्माण कार्य सम्बन्धी शर्तमा परिवर्तन नगर्ने निर्णय गरियो।

**निर्णय नं ४.** प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०८१।०६।०९ गते गापा अध्यक्ष श्री ऋषिकेशव बुढामगरको अध्यक्षतामा बसेको आ व २०८०।०८१ को वार्षिक प्रगति समिक्षा बैठकमा प्रस्तुत भएको थबाङ गापाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रगति समिक्षा प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ५.** प्रस्ताव नं ५ माथि छलफल गर्दा थबाङ गापाको "व्याडमिन्टन कभर्ड हलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ६.** प्रस्ताव नं ६ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०।०८१ मा स्वास्थ्य कार्यालय रोल्पाको विशेष पहल तथा BNMT Nepal रोल्पाको आर्थिक सहयोग र थबाङ गाउँपालिकाको प्राविधिक जिम्मेवारीका साथ स्वास्थ्य चौकि मिरुल टुटुको मर्मत सम्भार कार्य सम्पन्न भएकाले BNMT Nepal लाई पालिकाको तर्फबाट प्रशंसापत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ७.** प्रस्ताव नं ७ माथि छलफल गर्दा थबाङ गाउँपालिका अन्तर्गत आ.व. २०८१/०८२ मा विभिन्न उपकरण प्रयोजनको लागि प्रयोग हुने डिजेल, पेट्रोल र मट्टितेलको मुल्य(दर) नेपाल आयल निगमको आधिकारिक वेभसाइटमा मिति २०८१/०६/१० मा प्रकाशित दाङको मुल्यहरु क्रमशः रु १४८, १५८ र १४८ प्रति लिटरमा ढुवानीको मुल्य जोडेर लागु गर्ने निर्णय गरियो।

थबाङ गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने आयोजनाहरुका लागि प्रत्येक वडामा १ वटा समिति गठन गरी सोही समितिबाट आयोजना सञ्चालन गर्ने निर्णय गरियो।

थबाङ गाउँपालिकाको केन्द्रिय प्रशारण लाइनको प्राविधिक कर्मचारीको रुपमा अर्को व्यवस्था नभएसम्म थबाङ गाउँपालिका वडा नं १ स्थित गोबाङका दया प्रसाद झाँक्री मगरलाई तोक्ने निर्णय गरियो।

Scanned with CamScanner